रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो ।

अबू जुबैरले बयान गरेका छन्, उनले भने : अब्दुल्लाह बिन जुबैर (रजिअल्लाहु अनहुमा) हरेक नमाज मा सलाम फेरिसकेपछि यो दुआ गर्नुहुन्थ्यो : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर्, ला हौल वला कुव्वत इल्ला बिल्लाह्, ला इलाह इल्लल्लाहु, वला नाअ्बुदु इल्ला इय्याह्, लहु -न्निअ्मतु व लहुल् -फज्लु व लहुस्सना उल् -हसन् , लाइलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दीन व लौ करिहल् -काफिरून् ’ । अर्थात अल्लाहबाहेक कुनै पनि पूजा योग्य छैन। उहाँ एक मात्र हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन। सम्पूर्ण राज्य उहाँकै हो, सम्पूर्ण प्रशंसा उहाँलाई नै हो, र उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ। पापबाट जोगिने शक्ति र राम्रो कार्य गर्न सक्ने क्षमता केवल अल्लाहको कृपाबाट प्राप्त हुन्छ। अल्लाहबाहेक कुनै सच्चा उपास्य छैन। हामी केवल उहाँको नै पूजा गर्छौं। हरेक अनुग्रहका मालिक उहाँ नै हुनुहुन्छ, सम्पूर्ण कृपा उहाँकै हो, र उत्कृष्ट प्रशंसा पनि उहाँकै लागि हो। अल्लाहबाहेक कुनै सच्चा उपास्य छैन। हामी केवल उहाँकै सच्चा उपासक हौं, चाहे काफिरहरूले यसलाई मन नपराउन। थप भने : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो ।

[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाजमा सलाम फेरिसकेपछि अल्लाहको पवित्रतालाई यस महान जिक्र मार्फत वर्णन गर्नुहुन्थ्यो, जसको अर्थ हो : "ला इलाहा इल्लल्लाह": अल्लाह बाहेक कोही सत्य ईश्वर छैन । "वह्दहू ला शरीक लहु": उहाँ एक्लै हुनुहुन्छ र (उपासना , प्रभुत्व र नाम र विशेषताहरूमा) उहाँको कुनै साझेदार छैन । "लहुल्मुल्कु" : उहाँको लागि सार्वभौमसत्ता हो । उहाँ सर्वव्यापी, आकाश, पृथ्वी र बिचमा भएका सबै चीजहरूको स्वामी हुनुहुन्छ । “व लहुल् -हम्दु”: सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ हरेक दृष्टिले परिर्पूर्ण, सम्पन्न र निरपेक्ष हुनुहुन्छ । उहाँको महिमा दुःख सुख हरेक परिस्थितिमा प्रेम र आदरका साथ वर्णन गरिनेछ । "व हुव अला कुल्लि शैइन् कदीर्": उहाँको शक्ति सबै मामिलामा पूर्ण छ । उहाँको लागि कुनै पनि कुरा असम्भव छैन । उहाँले गर्न नसक्ने केही छैन । "ला हौल वला कुव्वत इल्ला बिल्लाह्": अल्लाहको तौफिक (सहायता) बिना एक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण हुने र उहाँको अवज्ञा छोडेर आज्ञापालन गर्ने शक्ति कसैसँग छैन । उहाँ नै वास्तविक सहयोगी हुनुहुन्छ र उहाँमाथि नै सम्पूर्ण भरोसा छ । "ला इलाह इल्लल्लाहु, वला नअ्बुदु इल्ला इय्याह्": अल्लाह बाहेक अरू कोही उपासना योग्य छैन र उहाँको कुनै साझेदार छैन भन्ने कुरामा जोर दिइएको छ । "लहुन्निअ्मतु व लहुल् -फज्लु": उहाँ नै हुनुहुन्छ जसले सबै आशीर्वाद सिर्जना गर्नुहुन्छ, उहाँ तिनीहरूको मालिक हुनुहुन्छ र उहाँले जसमाथि चाहनुहुन्छ ती माथि उपकार गर्नुहुन्छ । "व लहुस्सना उल् -ह सन्": हस्ती, गुण, कर्म, आशिष र हरेक किसिमको उत्कृष्ट प्रशंसा उहाँकै लागि हो। "लाइलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दीन" हामी इख्लास / निष्ठाका साथ उहाँको उपासना गर्छौं । उहाँको उपासनालाई हरेक किसिमको कपट, पाखण्ड, ढोंग र प्रसिद्ध हुने भावनाबाट मुक्त राख्छौं । "व लौ करिहल् -काफिरून्": हामी तौहीद (अल्लाहलाई एक मान्ने) र

उहाँको उपासना गर्नमा अडिग रहनेछौं, चाहे काफिरहरूलाई नराम्रो लागे पनि ।

http://www.sunnah.global/hadeeth/ne/show/6203